# राक्सिराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चैनपुर, मकवानपुर

प.सं.: २०७८/७९ | बागमती प्रदेश, नेपाल

च.नं.:

### करारमा सेवा लिने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०७८/०६/०८

गाउँ कार्यपालिकाको मिति २०७८/०६/०७ को निर्णयानुसार यस गाउँ कार्यपालिका अन्तर्गतको विभिन्न स्वास्थ्य संस्थाहरुका लागि निम्न उल्लेखित कर्मचारीहरु करार सेवामा राख्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिकले यस गाउँपालिकाद्वारा निर्धारित फाराम भरी व्यक्तिगत विवरण सहीत आफुले प्राप्त गरेको शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रहरुको एकएक प्रति छायाँकपि संलग्न राखी यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको स्वास्थ शाखामा कार्यालय समयसम्म यस कार्यालयमा राजश्व तिरेको सक्कलै रसिद सहीत दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रीत नपुगी वा म्याद नाघी आएको दरखास्त उपर कुनै कार्यवाही हुने छैन । दरखास्त फाराम यस कार्यालयको वेवसाईट https://raksirangmun.gov.np/ बाट उपलब्ध हुनेछ ।

तपसिल

| सि. नं. | विज्ञापन नं. | पद | श्रेणी/तह | सेवा | पद संख्या | उमेर | परीक्षाको किसिम | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ०१/२०७८/७९ | हे.अ. | सहायक पाँचौं | नेपाल स्वास्थ सेवा | १ | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महीलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | अन्तरवार्ता | सम्बन्धीत विषयमा प्रविणता प्रमाण पत्रतह वा सो सरह उत्तिर्ण गरेको | ७००/ |
| २ | ०२/२०७८/७९ | अ.हे.ब. | सहायक चौथो | नेपाल स्वास्थ सेवा | २ | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महीलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धीत विषयमा कम्तिमा १५ महिने तालिम उत्तिर्ण वा सो सरह | ५००/ |
| ३ | ०३/२०७८/७९ | अ.न.मी. | सहायक चौथो | नेपाल स्वास्थ सेवा (नर्सिङ) | १ | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महीलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको | अन्तरवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धीत विषयमा कम्तिमा १५ महिने तालिम उत्तिर्ण वा सो सरह | ५००/ |

१) **सम्पर्क मिति** : म्याद समाप्त भएको भोलिपल्ट ।

२) **अन्तरवार्ता मिति** : सम्पर्क मितिका दिन तोकिनेछ ।

३) उमेरको गणना गर्दा दरखास्त दिने अन्तिम मिति सम्मलाई आधार मानिने छ ।

४) विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाईट https://raksirangmun.gov.np/ मा हेर्न सकिने र कार्यालय समय भित्र यस कार्यालयको स्वास्थ शाखामा सम्पर्क राख्न सकिने छ । माथि उल्लेखित अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टको मिति कायम हुनेछ ।

५) प्रचलित कानुनद्वारा अयोग्य नभएको हुनु पर्ने छ ।

६) **कार्यक्षेत्रः** यस राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रको तोकिएका स्वास्थ संस्थाहरुमा रही कामकाज गर्नुपर्नेछ ।

७) स्वास्थ सेवाका उम्मेदवारहरुले नेपाल मेडिकल बोर्डको अनुमतिपत्र पेश गर्नु पर्ने छ ।

८) विदेशि शैक्षिक संस्थाबाट अध्ययन गरेकाहरुको हकमा नेपाल विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाण पेश गर्नु पर्ने छ ।

९) **तलब, भत्ता सुविधाः** नेपाल सरकारको प्रचलित तलबमान बमोजिम शुरु तलब पाउनेछ ।

१०) **करार अवधिः** करार सेवा शुरु भएको मितिले ६ (छ) महिनाको हुनेछ, यो सेवा करार सम्झौताको म्याद समाप्त भए पश्चात आवश्यकताको आधारमा कार्यपालिकाको निर्णयानुसार सम्झौताको म्याद थप हुन सक्नेछ ।

११) **विदाः** सार्वजनिक विदा बाहेक अन्य कुनै पनि विदा पाउने छैन ।

१२). **दावी नपुग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेको आधारमा पछि कुनैपनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाउने छैन ।

देवचन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

Email: info@raksirangmun.gov.np, Mobile: 9855077601, 9855088866 Website: https://raksirangmun.gov.np/